# मधेसी दलितको सन्दर्भमा संघीयता र समावेशीकरणको सवाल

रामप्रीत पासवान
सभासद्

**सन्दर्भः**

जन आन्दोलन भाग-२ र मधेस आन्दोलन २०६३ ले ल्याएको राजनीतिक परिवर्तनले संविधान सभाको गठन, संविधान निमार्णको कार्य तालिक तयार गरि संविधान निर्माणको प्रकृयामा प्रवेश गरेको छ। यस देशका सम्पूर्ण उपेक्षित, उत्पिडित वर्ग, समुदाय, जातजाति, जनजाति, दलित, महिला, मधेसी आदि सवैले आ-आफ्नो अधिकार सुनिश्चितताको अपेक्षा गरेका छन् र हुन पर्दछ। तर हालसम्म पनि ठोस रुपमा यस तर्फ पहल भएको पाइन्दैन। समावेसीकरणका निम्ति शक्तिको वाँडफाँड र उपलव्ध स्रोत र साधनमाथी सवैको समान पहुँचको सुनिश्चितता गर्न सैद्धान्तिक रुपमा देश संघियतामा प्रवेश गरिसकेको छ। यद्यपी संघीयताको वहस भने यथोचित मात्रामा हुन सकेको छैन। संघीयताको वहस गर्दा सिमान्तकृत समुदायको/जातिको समावेशीकरण सम्वन्धि गहन छलफलको टड्कारो रुपमा महसुस गरिएको छ। यसै सन्दर्भमा मधेसी दलित समुदायको समावेसीकरणका बारेमा छलफल गर्न यो कार्य पत्र निर्माण गरिएको हो।

हालसम्म विभिन्न राजनीतिक दल र जातिय एंवम क्षेत्रिय संघ संस्थाहरुले जातिय एंव क्षेत्रिय स्वशासनका विषयहरुलाई प्रभावकारी ढंगले उठाएको पाइन्छ। तर ति जातिय एंव क्षेत्रिय स्वशासन भित्र दलित समुदायको स्वशासन कसरी सम्भव हुन्छ भन्ने बारेमा खासै उल्लेख गरेको पाइदैन। सैद्धान्तिक रुपमा क्षेत्रिय संघीय शासन प्रणालीका वारेमा अधिकांश राजनीतिक दलका साथै विषेश गरी प्रमुख राष्ट्रिय राजनीतिक दलहरु पनि सहमत देखिन्छन्। तर पनि क्षेत्रिय संघीयताको आधारहरुमा भने एकमत देखिन्दैन। संविधान निर्माणको अवधि छोटिदैजादा प्रमुख सवालहरुमा राजनीतिक सहमति बन्न नसक्नु यो गम्भीर चिन्ताको विषय बनेको छ। यसमा पनि नयाँ संविधानमा समावेशी संघियताका सवालमा आम सहमती बनाउन व्यापक छलफल र सार्वजनिक बहस चलाउनु आजको आवश्यकता हो। यस्ता छलफल र सार्वजनिक बहसले मधेसी दलित समुदायको समावेशीकरण जस्ता सवाललाई प्राथमिकताका साथ समेट्ने हुनुपर्दछ।

**संघीयताः**

संघीयता संसारमा देखापरेको स्वायतत्ता दिने सवै भन्दा शशक्त माध्यम हो। समावेशीकरणका निम्ति संघीयता र लोकतन्त्र अपरिहार्य विषय हुन। नेपाल जस्तो बहु भाषीक बहु धार्मिक बहु सास्कृतिक भएको देशमा जाति, भाषा र भूगोलका आधारमा संघीयता उपयूक्त देखिन्छ। जस्तो भू-क्षेत्रिय संघीयतामा अल्पसंख्यक एंव सिमान्तकृत जाति

Download from www.DalitMediaHome.com, Email: dalitblog@gmail.com

र समुदायहरु हक र अधिकारवाट छुटने सम्भावना निकै देखिन्छ । जस्तो कि एक मधेस एक प्रदेश वा संवृद्ध मधेस अनेक प्रदेश (मिथिला, भोजपुरा, थारुवान आदी) मा पनि मधेसी दलित समुदायको अधिकारको सुनिश्चिता हुने सम्भावना न्यून देखिन्छ । त्यसैगरि अन्य जातिय स्वशासन माग गरिएका क्षेत्रमा संवन्धित जातजातिको बहुमत समेत देखिदैन । त्यस अवस्थामा स्वशासनको संभावना कति प्रभावकारी हुन्छ ? यो पनि विचारनिय प्रश्न छ । हालसम्म चर्चामा आएका जातिय-भाषिक एंव क्षेत्रिय संघीयतामा पनि सवै जातजाति, वर्ग र समुदायको समुचित प्रतिनिधित्व र शासनमा सहभागीताको विषयमा विश्वस्त हुन सकिदैन । देशको जनसंख्याको वितरण भौगोलिक अवस्थिति र जातिय पहिचानको विषयलाई दृष्टिगत गर्दा गैर भौगोलिक संघीयता विकल्पको रुपमा अगाडी आउन सक्छ ।

**गैर क्षेत्रिय संघीयताः**

नेपालका कतिपय जातिय, भाषिक, धार्मिक समुदायहरु कुनै क्षेत्रमा एकत्रित छैनन् । कतिपय देश भरि छरिएर रहेका छन् भने कतिपयको थोरै जनसंख्या छ । यस प्रकारको जनसंख्यालाई भू-क्षेत्रिय संघीयताले स्वायतत्ता दिन सक्दैन किनभने ति समुदायको सम्वन्धित भू-क्षेत्रमा बहुमत छैन । यसरी छरिएर रहेका र बहुमत जनसंख्या नभका जातजाति, भाषा-भाषी र धर्मलवम्वीहरुलाई गैर भौगोलिक/क्षेत्रिय संघीयताले मात्रै स्वायतत्ता दिन सक्छ । यस गैर भू-क्षेत्रिय संघियतामा देशभर रहेका जातिय/भाषीक/धार्मिक समुदायहरुले चुनावद्धारा आफ्नो समुदायको राष्ट्रिय समिति गठन गर्दछन् । त्यस समितिले त्यस समुदायको जातिय/भाषीक एंव धार्मिक र अन्य आंकक्षाको रक्षा र प्रोत्साहन गर्ने कार्य संविधानमा नै उल्लेख गरिएको हुन्छ । राज्यले त्यस्ता प्रतिनिधिमुलक समितिहरुलाई स्वशासनको अधिकार र आवश्यक बजेटको व्यवस्था गर्दछ । यस प्रकारको संघीयता पश्चिममा देशहरुमा व्यवहारिक रुपमा सफल देखिन्छ । नेपालको सन्दर्भमा विशेष गरि दलित, महिला, मुसलमान र छरिएका भाषीक समुदायलाई राज्य संरचनामा समावेस गर्न मद्दत पुऱ्याउँदछ । विशेष गरि तेहोरो मारमा परेका मधेसी दलित समुदायलाई तराई मधेस भित्र र राज्यका सम्पूर्ण भागमा प्रतिनिधित्व र सहभागीता गराउन सवैभन्दा उत्तम देखिन्छ । मधेसी दलित समुदायको क्षमता अभिवृद्धी, सशक्तिकरण र शिक्षा, स्वास्थ र रोजगारको समस्यालाई समाधान गर्न गैर भू-क्षेत्रिय संघीयता उपयूक्त विकल्पको रुपमा लिन सकिन्छ ।

**तराई-मधेस र मधेसी दलितको समावेशीकरण**

मधेसी दलित समुदायलाई तराई मधेसवाट अलग राखेर समावेशीकरणको सवाललाई प्रभावकारी रुपमा अगाडी ल्याउन सकिन्दैन । मधेस आन्दोलनमा गैर दलित मधेसीको जति भुमिका छ, त्यतीनै मधेसी दलितको पनि छ । तर, संविधान सभामा प्रतिनिधित्वको सवाललाई विश्लेषण गर्ने हो भने जनसंख्याको आधारमा प्रतिनिधित्व देखिन्दैन । यस यथार्थतालाई ध्यानमा राखि तराई मधेस प्रदेशको संरचाना गर्नु पर्दछ । तराई मधेस प्रदेश

Download from www.DalitMediaHome.com, Email: dalitblog@gmail.com

भित्र दलित समुदायको अधिकारको सुनिश्चितता र राज्यको हरेक अंगमा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व मधेसी दलितको प्रमुख सवाल हो ।

हिन्दु वर्ण व्यवस्थाले समाजको पिधँमा रहेको मधेसी दलित समुदायलाई सामाजिक-आर्थिक, राजनीतिक, सास्कृतिक एंव सम्पूर्ण रुपमा पछाडी पारिएको छ । यस समुदायको सशक्तिकरण र क्षमता अभिवृद्धीका साथै छुवाछुत र भेद्भाव अन्त्यका साथै समान नागरिकको हैसियत प्राप्त गर्नु आजको प्रमुख आवश्यकता हो । यसका निम्ति निर्णय प्रक्रियामा सहभागिता अर्को अंह सवाल हो । समावेशीकारणका माध्यमवाट तराई मधेसको जनसंख्याको आधारमा प्रतिनिधित्व गराई सकारात्मक विभेद अन्तर्गत विशेषाधिकार प्रदान गरे मात्र मधेसी दलित समुदायको उत्थान सम्भव छ ।

**तालिका नं. १ तराई- मधेसको जनसंख्याको वितरण ।**

| जातजाती | कुल जनसंख्या | तराई-मधेस जनसंख्यामा ओगटेका प्रतिशत |
|---|---|---|
| मधेसी ब्राहमण, क्षेत्रिय | २,२९,०२१.०० | २ |
| यादव | ८,९५,४२३.०० | ८ |
| मधेसी विछडा वर्ग (OBC) | २३,५८,५२५.०० | २१ |
| मधेसी दलित | ८,८७,७५६.०० | ७.९ |
| तराई अदिवासी/जनजाती | १७,६९,१९६.०० | १५.८ |
| धार्मिक अल्पसंख्यक-मुसलमान | ९,७१,०५६.०० | ८.७ |
| अन्य (मारवाडी, बंगाली, शिख आदी) | ५६,८८५.०० | ०.५ |
| पहिचान हुन बाँकी मधेसी दलित | २,०७,९००.०० | १.९ |
| पहिचान हुन बाँकी मधेसी समुदाय | १,३८,६००.०० | १.२ |
| अन्यत्रबाट तराई मधेसमा बसाँई सरी आएकाहरु | ३७,००,११०.०० | ३३ |
| कुल तराई-मधेसको जनसंख्या | १,१२,१२,४५३.०० | १०० |

*श्रोतः केन्द्रिय तथ्यङ्क विभाग , २००३ मोनोग्राफ , राष्ट्रिय जनगणना , २००१*

उपरोक्त तालिकाबाट के स्पष्ट हुन्छ भने तराई-मधेसको जनसंख्यामा मधेसी दलितको अंश ठुलो देखिन्छ । तर प्रतिनिधित्व र राज्य सत्तामा सहभागिता भने नगन्य नै छ ।

जुन कुरा निम्न तालिकाबाट प्रष्ट हुन्छ ।

| राजनीतिक पार्टी | केन्द्र समिति संख्या | मधेसी दलित संख्या | प्रतिशत |
|---|---|---|---|
| नेपाली काग्रेस | ६५ | ० | ०% |
| ने.क.पा.एमाले | ११५ | २ | १.७% |

Download from www.DalitMediaHome.com, Email: dalitblog@gmail.com

| | | | |
|---|---|---|---|
| ने.क.पा. माओवादी | १३८ | १ | ०.७% |

राजनीतिक पार्टीहरुका तर्फबाट संविधानसभामा मधेसी दलित सभासद्

| **राजनीतिक पार्टी** | **सभासद् संख्या** | **मधेसी दलित सभासद्** | **प्रतिशत** |
|---|---|---|---|
| नेपाली काग्रेस | ११४ | २ | १.८% |
| ने.क.पा. एमाले | १०९ | ३ | २.८% |
| मधेसी ज.अ. फोरम, नेपाल | ५३ | २ | ३.८% |
| एकितृत माओवादी | २३८ | ४ | १.७% |
| तमलोपा | २१ | १ | ४.८% |
| दलित जनजाति पार्टी | १ | १ | १००% |
| **जम्मा** | | **१३** | |

***नोट :*** माथिका राजनीतिक पार्टी बाहेक अन्य पार्टीका तर्फवाट संविधान सभामा मधेसी दलितको प्रतिनिधित्व भएको छैन ।

## राष्ट्रिय दलित आयोग

| दलित | कुल जनसंख्या | प्रतिशत | राष्ट्रिय जनसंख्याको % | उपस्थिति | प्रतिशत |
|---|---|---|---|---|---|
| पहाडी दलित | १६,४५,०२९ | ५८.५६% | ७.११% | १३ | ७६.५% |
| मधेसी दलित | ११,६३,६२७ | ४१.४४% | ५.०३% | ४ | २३.५% |
| जम्मा | २८,०८,६५६ | १०० | १२.१३% | १७ | १००% |

कुल जनसंख्या वि.स. २०५८ सालको जनगणना अनुसार

यसको मुल कारण भनेको नै जातिय छुवाछुत र विभेद नै हो । यसका साथै दलित समुदायको क्षमता अभिवृद्धि र सशक्तिकरको समस्या पनि हो । भोलि संविधान निर्माण भई स्वायत्त तराई-मधेस प्रदेश भएको अवस्थामा पनि दलितको अवस्थामा तात्विक भिन्नता देखिने अवस्था छैन किनभने मधेसी दलित समुदायले तराई मधेसका अन्य कुनै वर्ग समुदाय, जातजाति सँग प्रतिस्पर्धा गर्न सक्दैन । त्यसकारण त्यतिखेरको अवस्था झनै तल भर्ने हो कि भन्ने गम्भीर चिन्ता उत्पन्न भएको छ । यसर्थ अवको राज्यको पुन: संरचना र संघीय स्वरुप निमार्णको कुरा गर्दा निम्न सुझावहरुलाई ध्यान दिनु जरुरी देखिन्छ ।

Download from www.DalitMediaHome.com, Email: dalitblog@gmail.com

सुझावहरुः

## १) भू-क्षेत्रिय संघीयता हुदाँ

- राज्यका हरेक अंगहरु कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकामा जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व अनिवार्य हुनु पर्दछ । यसका लागि आरक्षणको व्यवस्था हुनु पर्दछ ।
- व्यवस्थापिकाको प्रत्यक्ष निवार्चन प्रणालीमा निवार्चन क्षेत्र जनसंख्याको आधारमा आरक्षण गरिनु पर्दछ । जसमा मधेसी दलितहरुमात्र प्रतिस्पर्धा गर्नेछ ।
- विद्यालय जाने उमेरका सम्पूर्ण दलित बालवालिकाहरुलाई विशेषाधिकार स्वरुप अनिवार्य छात्रवृत्ति सहितको पठनपाठनको व्यवस्था गर्नु पर्दछ ।
- सरकारी र निजि क्षेत्र दुवैमा दलित रोजगारीको सकरात्मक विभेद्को निति अनुसार विशेष प्राथमिकता दिनु पर्दछ ।
- मधेसी दलित समुदायलाई निशुल्क स्वास्थ्य उपचारको व्यवस्था हुनु पर्दछ ।
- मधेसी दलित महिलाका निम्ति कम्तिमा ३३% राज्यका हरेक अंगमा अनिवार्य रुपमा प्रतिनिधित्व गराउनु पर्ने यसका निम्ति प्रत्येक दलित वस्तीमा औपचारीक र अनौपचारीक शिक्षालयको व्यवस्था गर्नु पर्दछ । यसका निम्ति संविधान निमार्ण भएको २ देखि १० वर्ष भित्रमा पुरा गर्ने गरी कानुन निर्माण गर्ने प्रावधान संविधानमा उल्लेख गरिनु पर्नेछ ।
- मधेसी दलित महिलाका सामाजिक-आर्थिक र सास्कृतिक अधिकारलाई मौलिक अधिकारमा व्यवस्था गर्नु पर्दछ । यसका साथै प्रजनन् स्वास्थय र प्रजनन् अधिकारलाई मानवअधिकारको रुपमा उल्लेख गरिनु पर्दछ ।
- आर्थिक क्षेत्रमा दलितहरुको मुख्य समस्या भूमिहीनता हो । ४४% मधेसी दलित पुर्ण रुपले भूमिहीन छन् । भूमिहीन दलितहरुले जमिन पाउने ग्यारेन्टी संवैधानिक रुपमा नै गरिनु पर्दछ ।

## २) गैर भू-क्षेत्रिय संघीयताको अवस्थामाः

- मधेसी दलितहरुको प्रतिनिधिमूलक राज्य समितिलाई संवैधानिक मान्यता दिनु पर्ने
- मधेसी दलित प्रतिनिधिमूलक समितिलाई स्वशासनको अधिकार संविधानमा व्यवस्था गरिनु पर्ने र जनसंख्याको आधारमा श्रोत र साधनको वितरण गरिनु पर्ने ।
- कुनै जिल्ला, क्षेत्र, इलाका, गा.वि.स./नगरपालिकामा यो समुदाय सघन रुपमा एकतृत छन् भने यिनीहरुलाई स्थानिय स्वशासनको अधिकार संविधानमा सुनिश्चित गरिनु पर्दछ । जस्तो की सप्तरी जिल्लामा दलितको संख्या सवै भन्दा धेरै छ । यस प्रकारको जिल्लालाई दलित स्वशासन जिल्ला नामकरण गरि यसका विभिन्न

Download from www.DalitMediaHome.com, Email: dalitblog@gmail.com

गा.वि.स.मा जहाँ दलितको संख्या एकत्रित र बहुमत छ त्यहाँ शिक्षा, स्वास्थ र रोजगारको ग्यारेन्टी सहितको स्वशासनको अधिकार पनि दिनु पर्दछ ।

- मधेसी दलितको नेतृत्वको स्वीकार्यतालाई संविधान विशेष व्यवस्था गर्नु पर्दछ ।

## धन्यवाद !

नोटः मधेशी विकास महासंघद्वारा मिति २०६६ जेष्ठ २३ गते काठमाडौंमा आयोजना गरिएको **नयाँ संविधानमा संघीयता र दलित** सेमिनारमा संविधानसभासद् रामप्रित पासवानले प्रस्तुत गर्नु भएको कार्यपत्र

Download from www.DalitMediaHome.com, Email: dalitblog@gmail.com